म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २० शनिबार २ भदौ २०८० ने. सं. ११४३ गुलाथ्व 18 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य:

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मन्त्री चित्रकारले अझै जिम्मेवारी पाएनन्

हेटौंडा, १ भदौ/बागमती प्रदेशका बिनाविभागीय मन्त्रीलाई जिम्मेवारी दिने सहमति भए पनि अझै कार्यान्वयन भएको छैन । मन्त्रालय फुटाएरै भएपनि बिनाविभागीय मन्त्री रामकृष्ण चित्रकारलाई जिम्मेवारी दिनेबारे सत्ता गठबन्धनका दलहरुबिच सहमति भएको १० दिन बितिसके पनि मन्त्री चित्रकारले अझै जिम्मेवारी पाएका छैनन् । बागमती प्रदेशमा ११ वटा मन्त्रालय रहेकामा मन्त्रालय फुटाएर १२ बनाउने गरी साउन २१ गते सत्ता गठबन्धनका दलबिच काठमाडौंमा राजनीतिक सहमति भएको थियो । राजनीतिक सहमतिपछि झन्डै तीन महिनादेखि मन्त्रालयविहीन नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका बिनाविभागीय मन्त्री चित्रकारलाई गत साता नै मन्त्रालयको जिम्मेवारी दिने सहमति जनाइएको थियो । सहमतिपछि मन्त्रालय पाउने विश्वासका साथ प्रदेश राजधानी हेटौंडा आएका मन्त्री चित्रकार बुधबार जिल्ला फर्किएका छन् । सहमति कार्यान्वयन हुन्छ भन्ने विश्वासमा तीन-चार दिन हेटौंडा बसेको बताउँदै मन्त्री चित्रकारले मुख्यमन्त्रीलाई समेत नभेटी बुधबार ललितपुर फर्किएका हुन् ।

मकवानपुरमा कछुवा गतिमा जनता आवास कार्यक्रम

# तीनवर्षमा जम्मा ७५ घर निर्माण, ५ जना पैसा बुझेर चुपचाप

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ मकवानपुरमा जनता आवास कार्यक्रम अन्तर्गत् २ सय घर बन्नुपर्नेमा तीनवर्षको अवधिभर जम्मा ७५ वटा मात्रै बनेका छन् ।

जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५ बनाएर बागमती प्रदेश सरकारले विपन्न, गरिबहरुको घर बनाइदिन सुरु गरेको थियो । कार्यविधिको २०७६ मा संशोधन गरेर आर्थिक वर्ष २०७७/७८ देखि कार्यक्रमको कार्यान्वयन सुरु भएको थियो । जसअन्तर्गत् मकवानपुरमा २ सयवटा घर बन्नुपर्नेमा १ सय ९७ जनाले मात्रै हेटौंडास्थित सहरी विकास तथा भवन कार्यालय मकवानपुरमा सम्झौता गरेका थिए । तर, सम्झौता गरेकामध्ये पनि गत आव २०७९/८० को असारमसान्तसम्म जम्मा ७५ जनाले मात्रै घर निर्माण सम्पन्न गरेको भवन कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

भवन कार्यालयले मकवानपुर र चितवनमा विपन्न, गरिब र पिछडिएका वर्गका लागि घर बनाइदिने जनता आवास कार्यक्रम र चेपाङ, वनकरिया, बोटे तथा माझी एकीकृत बस्ती आवास कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ । मकवानपुरमा जनता आवास र एकीकृत बस्ती आवास कार्यक्रम कछुवा गतिमा अगाडि बढिरहेको घर निर्माणको प्रगतिले देखाउँछ । जनता आवासतर्फ ३ वर्षसम्म पनि एउटा शौचालयसहितको दुई कोठो घर निर्माण हुन नसक्दा पनि सरकार मुकदर्शक बनेर बसेको छ ।

जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५ मा घर निर्माण गरिसक्नुपर्ने समयसीमा तोकिएको छैन । घर निर्माण सम्पन्न गरिसक्नुपर्ने सीमा नतोक्दा पहिलो किस्ता लिएर पनि ३ वर्षसम्म घर नबनाउनेहरु भेटिएका छन् । जुन रकम नै जोखिममा पर्नसक्ने देखिन्छ । कार्यविधिमै यति समयभित्र घर सम्पन्न गरिसक्नुपर्ने भनेर उल्लेख नभएका कारण पहिलो किस्ता वापतको रकम लगेर पनि घर नबनाउनेहरु रहेको भवन कार्यालयका सूचना अधिकारी टेकनाथ काफ्लेले जानकारी दिए । उनकाअनुसार तीन वर्षसम्म पनि खाल्डो खनेर छोडिएका घरहरु निर्माणकै चरणमा देखिएको छ । कार्यविधिको संशोधनले पनि घर अलपत्र पार्नेलाई कुनै कारबाहीको व्यवस्था नगरेकाले लापरबाही बढेको काफ्ले बताउँछन् ।

उपभोक्ताहरुले सम्झौता गरेअनुसार हेटौंडा उपमहानगर पालिकाभित्र ७६ घर, कैलाश गाउँपालिकामा १० घर, बकैया गाउँपालिकामा २४ घर, राक्सिराङ गाउँपालिकामा २५ घर, बागमती गाउँपालिकामा १७ घर, भीमफेदी गाउँपालिकामा ३२ घर, मनहरी गाउँपालिकामा १० घर र मकवानपुरगढी गाउँपालिकामा ३ वटा घर निर्माण हुनुपर्ने थियो । जसमध्ये हेटौंडामा २९, कैलाशमा ३, बकैयामा १३, राक्सिराङमा ७, बागमतीमा ९, भीमफेदीमा ११, मनहरीमा ३ वटा मात्रै घर निर्माण भएका छन् । मकवानपुरगढीमा सम्झौता भएका ३ वटा घरमध्ये २ वटाले तेस्रो किस्ता लगेको र घर




निर्माण सम्पन्न भइनसकेको भवन कार्यालयको तथ्यांकमा देखिन्छ ।

सम्झौता भएकामध्ये १ सय ९१ जनाले पहिलो किस्ता, १ सय ७७ जनाले दोस्रो किस्ता र १ सय ४८ जनाले तेस्रो किस्ता बुझेका छन् । भवन कार्यालयले प्रतिघर निर्माणका लागि सेवाग्राहीलाई कन्टिजेन्सी काटेर ३ लाख ३६ हजार रुपैयाँ दिने गरेको छ । कार्यविधिअनुसार घर निर्माणका लागि खाल्डो खनेपछि भवन कार्यालयले २५ प्रतिशत अर्थात ८४ हजार रुपैयाँ रकम किस्तावापत दिने गर्दछ । दोस्रो किस्तावापत डिपिसी (जग ढलान) गरेपछि ३० प्रतिशत, तेस्रो किस्तावापत घरको गाह्रो लगाएपछि ३५ प्रतिशत र चौथो किस्तावापत शौचालयसहित घर सम्पन्न भएपछि १० प्रतिशत रकम भुक्तानी गर्ने गरिएको सूचना अधिकारी काफ्लेले जानकारी दिए ।

घर निर्माणका लागि कार्यालयसँग सम्झौता गरेर पहिलो किस्ताको ८४ हजार रकम बुझेर काम नगर्ने सेवाग्राही मकवानपुरमा ५ जना र चितवनमा १ जना रहेका छन् । मकवानपुरअन्तर्गत् हेटौंडा-१५ का बलराम परियार, मकवानपुरगढीका रामकुमार बराइली, हेटौंडा-११ का सागर सुनार, हेटौंडा-१२ का लक्ष्मी विक र मनहरी गाउँपालिका-३ का राजकुमार नेपालीले पहिलो किस्ताको ८४ हजार बुझेर पनि घर निर्माण अगाडि नबढाएको भवन कार्यालयले जानकारी दिएको छ । चितवनको इच्छाकामना गाउँपालिका-६ ठेगाना भएका रामकुमार प्रजाले पनि पहिलो किस्ताको रकम बुझेर घर खाल्डो मात्रै खनेर छोडेको कार्यालयले जनाएको छ ।

विगतमा पहिलो किस्ता बुझेर घर अलपत्र पार्ने १६ जना थिए । तर, १० जनाले गत आव २०७९/८० को असारमसान्तसम्म घर निर्माण अगाडि बढाएर दोस्रो किस्ता बुझेका छन् । पहिलो किस्ता बुझेर पनि घर नबनाउनेहरुको कथाव्यथा भिन्दै छ । आव सुरु भएपछि दशैंताका पहिलो किस्ता आउने भएकाले उनीहरुले उक्त रकम खर्च गर्ने गरेको र घर निर्माण अलपत्र परेको कार्यालयको भनाई छ । कसैले जग्गा बेचेर पनि घर ढलान गरेको कार्यालयका सूचना अधिकारी काफ्लेले सुनाए । 'पहिलो किस्ता लगेर पनि घर बनाउनुको पछाडि गरिबी हो । सरकारबाट आएको रकम खर्च गरेपछि थप काम गर्न नसक्ने रहेछ । कतिपयले जग्गा बेचेर पनि घरको ढलान गरेको देखेका छौं ।,' काफ्लेले भने ।

गत आव २०७९/८० मा बागमती प्रदेश सरकारले जनता आवास कार्यक्रमअन्तर्गत प्रदेशमा निर्माण गर्न लागेका दुई हजार २ सय ७५ घरमध्ये १ हजार १ सय ४० घर निर्माण सम्पन्न भएको जनाएको छ । प्रदेश सरकारले कार्यक्रमअन्तर्गत उपत्यकाका तीन जिल्लाबाहेक प्रदेशका १० जिल्लामा जम्मा दुई हजार २ सय ७५ घर निर्माण गर्ने लक्ष्यसहित काम अगाडि बढाएको थियो । योजनाअनुसार २०७९/८० सम्म आईपुग्दा १ हजार १ सय ४० घर निर्माण सम्पन्न गरेको हो । भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार संघबाट हस्तारण भएका ४ सय ६५ मध्ये २ सय ३० घर निर्माण सम्पन्न भएको छ । त्यसैगरी, प्रदेशबाट थप भएका १ हजार ८ सय १३ घरमध्ये ९ सय १० वटा निर्माण सम्पन्न भएको हो ।

### एकीकृत बस्ती निर्माणमा पनि समस्या

मकवानपुरको तीनवटा स्थानीय तह मनहरी गाउँपालिका, कैलाश गाउँपालिका र राक्सिराङ गाउँपालिकामा चेपाङ, वनकरिया, बोटे र माझी एकीकृत बस्ती आवास कार्यक्रम कार्यान्वयन भइरहेको छ । तर, एकीकृत बस्ती निर्माणमा पनि समस्या देखिएको छ । मनहरी गाउँपालिकाको वनकरिया बस्तीमा १६ जनाले पहिलो किस्ता लगेका छन् । तर, दोस्रो किस्ता लिने जम्मा १२ जना मात्रै रहेको भवन कार्यालयले जानकारी दिएको छ ।

राक्सिराङ गाउँपालिकामा ५० वटा घरले पहिलो किस्ता लैजाँदा १० वटा घरले मात्रै दोस्रो किस्ता बुझेको कार्यालयले जनाएको छ । कैलाश गाउँपालिकामा पहिलो किस्ता लिनेहरु नै छैनन् । चितवनको राप्ती नगरपालिका, कालिका नगर पालिका र इच्छाकामना गाउँपालिकामा क्रमश: ४५, ३ र २ घरले पहिलो किस्ता लगेका थिए । जसमध्ये राप्तीका ४५ जनाले नै दोस्रो किस्ता लगे पनि बाँकी दुई पालिकामा दोस्रो किस्ता लाने शुन्य छन् । गत आव २०७९/८० को असारमसान्तसम्म दुई जिल्लामा गरेर एकीकृत बस्ती आवास कार्यक्रममा १२ करोड २ लाख ४ हजार ५ सय रकमको वित्तीय प्रगति भएको कार्यालयले जनाएको छ ।

# जोखिममा सावधानी अपनाउन प्रशासनको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ जोखिमजन्य ठाँउलाई सतर्कता अपनाउन जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरले आग्रह गरेको छ । प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईको अध्यक्षतामा बसेको बैठकले विपद्का दृष्टिकोणले जोखिमपूर्ण अवस्थामा रहेका बस्ती तथा घरहरुको पहिचान गरी त्यस्ता बस्ती तथा घरहरु सम्बन्धित स्थानीय तहले सुरक्षित स्थानमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने साथै, स्थानान्तरणको कार्यमा थप सहयोग आवश्यक परेमा जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने आव्हान गरेको छ ।

जिल्लाका विभिन्न सरोकारवाला निकायबाट प्राप्त सुझाव समेटी अध्यावधिक गरिएको मकवानपुर जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० स्वीकृत गरी कार्यान्वयन गर्ने जनाएको छ । यस्तै बकैया गाउँपालिकामा आगलागीबाट जली



पूर्णरुपमा नष्ट भएका आगलागी पीडितको घर पुनर्निर्माणको लागि लाभग्राही कायम गर्न सिफारिस भई आएको सम्बन्धमा बैठकबाट 'आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना' अनुदान दिने निर्णय गरेको छ ।

मनहरी गाउँपालिकाको पत्रनुसार मनसुनजन्य विपद् अविरल वर्षाबाट पूर्णरुपमा क्षति भएका विपद् प्रभावितको घर पुनर्निर्माणको लागि लाभग्राही कायम गर्न सिफारिस भई आएको लाभग्राहीलाई अनुदान दिने निर्णय गरेको छ । बैठकमा जिल्लाका राजनीतिक दलका प्रमुखहरु, सरकारी निकायका प्रमुखहरु, गाँउपालिका, उपमहानगरपालिकाका प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु लगायतको सहभागिता रहेको थियो । उनीहरुले स्थानीय तहबाट गर्नुपर्ने आवश्यक तयारी रहेको जनाएका थिए ।

# विदेशी कलेजमा गयो गतवर्ष एक खर्ब रुपैयाँ

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/गत आर्थिक वर्ष २०७९/८० मा शैक्षिक कर्जा ७७.८% ले वृद्धि भएको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांक अनुसार गत आर्थिक वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले ५५ अर्ब ८६ करोड रुपैयाँ बराबरको शैक्षिक कर्जा प्रवाह गरेका छन् । त्रिभुवन विश्वविद्यालयमा स्नात्तक र स्नात्तकोत्तर तहमा विद्यार्थी न्यून हुँदै गएपछि कतिपय संकाय संचालन गर्न कठिनाइ उत्पन्न भइरहेको छ ।

वैदेशिक अध्ययनमा जाने विद्यार्थीको संख्या बढ्दै गएको छ । नेपालमा माध्यमिक तहको परीक्षा सकिने बित्तिकै अष्ट्रेलिया, युरोप, अमेरिका, क्यानडा, बेलायत जाने तयारीमा लाग्ने गरेकोले नेपालका स्नात्तक र स्नात्तकोत्तर कक्षामा विद्यार्थी संख्या न्यून बन्दै गएको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा ३१ अर्ब ४१ करोड रुपैयाँ शैक्षिक कर्जा प्रवाह भएको थियो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा शैक्षिक कर्जा २४ अर्ब ४५ करोड रुपैयाँले वृद्धि भएको हो । गतवर्ष हालसम्मकै उच्च शैक्षिक कर्जा प्रवाह भएको तथ्यांकले देखाएको छ । बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने शैक्षिक कर्जा उच्च शिक्षाको लागि विदेश अध्ययनका लागि जाने विद्यार्थीले लिने गरेका बैंकरले बताएका छन् । एक जना विद्यार्थीले उच्चशिक्षा अध्ययनका लागि विदेशिंदा कम्तिमा ४० लाख रुपैयाँ कर्जा लिने गरेका छन् ।

गत आर्थिक वर्षमा अध्ययनका लागि विदेश जाने विद्यार्थीहबाट १ खर्ब ४२ करोड रुपैयाँ बाहिरिएको छ । अघिल्लो आर्थिक वर्षमा विदेश अध्ययनका लागि ६७ अर्ब ७० करोड रूपैयाँ बाहिरिएको थियो । गत आर्थिक वर्ष २०७९/८० मा १ लाख १० हजार २ सय १७ जना विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिपत्र ( एनओसी) लिएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्यााँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्यााँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)

Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)



यस हेटौंडा सिटी कलेजमा B.Sc.CSIT कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र श्री दिनेश खरेलले त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा 89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त ) ल्याई नेपाल प्रथम हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, BSc. CSIT र BCA को 11 औं समूहको (2080 Batch ) लागि प्रवेश परीक्षा तयारी कक्षा (Entrance Preparation Class ) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

हेटौंडा सिटी कलेज/जेनिथ
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google

## विज्ञान/प्रविधि

# मोबाइल फोन निर्माणमा विश्वकै दोस्रो ठूलो देश बन्यो भारत

भारत विश्वमा सबैभन्दा धेरै मोबाइल फोन उत्पादन गर्ने मुलुकहरुको सूचीमा दोस्रो नम्बरमा उक्लिन सफल भएको छ ।

काउन्टरप्वाइन्ट रिसर्चको रिपोर्ट अनुसार सन् २०१४ देखि २०२२ को अवधिमा भारतमा २ अर्ब गोटा भन्दा धेरै मोबाइल फोन उत्पादन भएका छन् ।

तथ्यांक अनुसार उक्त अवधिमा भारतको मोबाइल फोन उत्पादनको वार्षिक मिश्रित वृद्धिदर २३ प्रतिशतले वृद्धि भएको छ ।

मेड इन इण्डिया फोनको उत्पादनमा भैरहेको उल्लेख्य वृद्धिका लागि भारतको आन्तरिक बजारमा मोबाइल फोनको उच्च मागका साथै भारत सरकारको मेक इन इण्डिया अभियान अन्तरगत स्थानीय उत्पादकहरुलाई दिइने प्रोत्साहन लगायतका पक्षहरुले भूमिका खेलेको बताइन्छ ।

यसका Phased Manufacturing Program (PMP), Make in India, Production Linked Incentive (PLI) तथा आत्मनिर्भर भारत जस्ता कार्यक्रमहरुले स्थानीय मोबाइल फोन उत्पादनलाई बढावा दिएका छन् ।



तथ्यांक अनुसार सन् २०१४ मा भारतको आन्तरिक बजारमा बिक्री हुने मोबाइल फोनमध्ये केवल १९ प्रतिशत मात्रै स्वदेशमा उत्पादन हुने गरेकोमा सन् २०२२ मा त्यस्तो संख्या ९८ प्रतिशत पुगेको छ ।

त्यस्तै मोबाइल फोन उद्योगमा स्थानीय मूल्य अभिवृद्धि सन् २०१४ को एक अंकबाट हाल १५ प्रतिशतमा पुगेको छ ।

स्मरण रहोस् विश्वमा सर्वाधिक मोबाइल फोन उत्पादन गर्ने मुलुक चीन हो । विश्वमा उत्पादन हुने मोबाइल फोनमध्ये ६७ प्रतिशत चीनमा उत्पादन हुने गर्दछन् भने भारतमा १६ प्रतिशत फोन उत्पादन हुन्छन् । त्यस्तै १० प्रतिशत सहित भियतनाम तेस्रो स्थानमा छ ।

# एप्पलले ल्याउँदैछ सबैभन्दा सस्तो टाइप सी पोर्टयुक्त आइफोन

आफ्नो बहुप्रतिक्षित आइफोन १५ सिरिज लञ्च गर्ने तयारी गरिरहेको एप्पलले आइफोन १५ पछि सस्तो मूल्यको आइफोन एसई ४ पनि बजारमा ल्याउने तयारी गरिरहेको छ ।

बजेट फोनको रुपमा रहेको नयाँ पुस्ताको आइफोन एसई ४ सबैभन्दा सस्तो टाइप सी पोर्टवाला आइफोन हुनेछ । यसअघि सार्वजनिक समाचारहरु अनुसार समतल किनारा र डिस्प्ले नचका कारण आइफोन एसई ४ को डिजाइन आइफोन १४ जस्तै रहनेछ ।

साथै यसमा पूरानो फिजिकल पावर बटनको साटो फेस आइडी राखिने सम्भावना छ । स्मरण रहोस् हालको आइफोन एस ई थ्री मा फिजिकल पावर बटन छ । यो फिजिकल बटन भएको एप्पलको एकमात्रै आइफोन हो ।

एप्पलले आइफोन १५ सिरिजमा राख्न लागेको टाइप सी पोर्ट आइफोन एसई ४ मा पनि हुनेछ जसले यस मोडेलमा रहेको पूरानो लाइटनिङ पोर्टलाई विस्थापित गर्नेछ ।

फोनको पछाडिको भागमा एउटा मुख्य क्यामरा हुनेछ । आइफोन एसई ४ मा



आइफोन १५ सिरिजमा हुने भनिएको एक्सन बटन पनि रहने बताइएको छ । यसले प्रयोगकर्तालाई डिस्प्लेमा शर्टकटहरु थप्न र प्रयोगकर्तालाई सबैभन्दा धेरै प्रयोग हुने एप तथा क्यामरा खोल्न सजिलो पार्नेछ ।

आइफोन एसई ४ मा ए १५ वा ए १६ बायोनिक चिप हुने र फाइभ जी सपोर्ट गर्ने बताइएको छ । यसको आधारभूत मोडेलमा १२८ गिगाबाइट स्टोरेज क्षमता हुनेछ ।

यो आइफोन आगामी स्न् २०२४ को पूर्वार्धसम्ममा सार्वजनिक हुनसक्ने अनुमान गरिएको छ । यसको मूल्य ठ्याक्कै कति पर्नेछ भन्ने एकिन नभएपनि विगतका सिरिजको मूल्यका आधारमा आइफोन एसई सबैभन्दा सस्तो टाइप सी पोर्टवाला आइफोन हुने चाहीँ पक्का छ ।

स्मरण रहोस् एप्पलले आगामी सेप्टेम्बर १२ मा हुने समारोहमा आफ्नो आइफोन १५ सिरिज सार्वजनिक गर्ने तयारी गरिरहेको छ । त्यसक्रममा एप्पलले एप्पल वाचको नबौँ संस्करण पनि लञ्च गर्नेछ ।

## यौन/स्वास्थ्य

# पुरुषको खराब यौन स्वास्थ्यबारे जानकारी दिने यी चार लक्षण

जब सेक्ससँग सम्बन्धित समस्याको कुरा आउँछ तब पुरुष सधैं यो कुरा कसैलाई पनि भन्न नपरेपनि हुन्थ्यो भनेर सोच्ने गर्छन् । डाक्टरलाई आफ्नो समस्या भन्नबाट हिच्किचाउँछन् । तर डाक्टरले भने यौन स्वास्थ्यलाई गम्भीरताका साथ लिन सल्लाह दिन्छन् । किनभने वास्तवमा यसले हाम्रो मानसिक र शारीरिक स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्छ ।

दुर्भाग्यवश नेपालसहित संसारका थुप्रै देशमा यौन स्वास्थ्यबारे कुरा गरिँदैन । सेक्सका चर्चित विशेषज्ञले पुरुषले आफ्नो यौन स्वास्थ्यबारे समय हुँदा नै जानकारी भएको खण्डमा मात्रै यसको उपचार सम्भव भएको बताउने गर्छन् । एक एन्ड्रोलोजिस्टले यौनसम्बन्धि रोगबारे पत्ता लगाएर यसको उपचार गर्न सक्छन् ।

एन्ड्रोलोजिस्ट एक यस्ता दक्ष युरोलोजिस्ट हुन् जसले पुरुषमा बाँझोपन र यौन स्वास्थ्यसँग सम्बन्धित गम्भीरतालाई बुझ्न सक्छन् । विज्ञका अनुसार यदि कुनै व्यक्तिमा यौनसम्बन्धि यी चार प्रकारका समस्या महसुस भइरहेको छ भने उनीहरुले तुरुन्त एन्ड्रोलोजिस्टलाई सम्पर्क गर्नुपर्ने हुन्छ ।

**शीघ्रपतन**:

यदि यौन क्रियाकलापपछि तपाईंको शीघ्रपतन भइरहेको छ भने तपाईं प्रिमेच्योर एज्याकुलेशनद्वारा पीडित भएको हुनसक्छ । यो समस्या धेरैजसो कम उमेरका नौजवानमा देखिने गर्छ । यद्यपि, यो समस्या कुनै पनि उमेर समूहमा



देखन सकिन्छ ।

यूरो एन्ड्रोलोजिस्ट्सका अनुसार प्रिमेच्योर इज्याकुलेशन बढी उमेर भएकाहरुमा इरेक्टाइल डिसफङ्सनको वार्निङ साइन पनि हुनसक्छ । यसले मानिसहरुमा एन्जाइटी डिसअर्डरको चेतावनीको कार्य पनि गर्नसक्छ ।

**यौनइच्छामा कमी**:

यौनइच्छामा कमीको अर्थ यौनको विषयमा तपाईंको इच्छा कम भइसकेको छ । यो समस्या पुरुषको हर्मोन टेस्टोस्टेरोनको कमीसँग पनि सम्बन्धित छ । वास्तवमा शरीरमा टेस्टोस्टेरोनको सम्बन्ध हाम्रो सेक्स ड्राइभ, स्पर्म प्रोडक्सन, मांसपेशी, कपाल र हड्डीसँग सम्बन्धित हुन्छ ।

डाक्टरका अनुसार टेस्टोस्टेरोनको कमीले मानिसको शरीर र मुडलाई प्रभावित गर्न सक्छ । डिप्रेशन, एन्जाइटी वा सम्बन्धमा समस्या यौनइच्छाको कमीका कारण पनि हुनसक्छन् । यसबाहेक मधुमेह, उच्च रक्तचाप समेत एन्टीडिप्रेसेन्ट जस्ता विभिन्न प्रकारका उपचारले पनि यस्तो समस्या झन् बढाएको हुनसक्छ ।

**बाँझोपन**:

बाँझोपनमा पुरुषले करिब ४० देखि ५० प्रतिशत योगदान दिने गर्छन् । गर्भधारण गर्न अयोग्य हुनुका थुप्रै प्रमुख कारण हुनसक्छन् । असन्तुलित हर्मोन र सेक्सुअल डिसफङ्सनसमेत थुप्रै कारणले पुरुष बाँझोपनको शिकार हुनसक्छन् ।

**इरेक्टाइल डिसफङ्सन**:

शारीरिक सम्बन्ध स्थापित गर्नका लागि आवश्यक पर्ने इरेक्सन तपाईंलाई प्राप्त गर्न र त्यसलाई कायम राख्न कठिनाई हुन्छ भने तपाईं इरेक्टाइल डिसफङ्सनद्वारा पीडित हुनसक्छन् । यस्तो समस्या त्यतिबेला हुन्छ जब मानिसको गुप्ताङ्गसम्म रक्त सञ्चार राम्रो हुन सक्दैन । थुप्रै पटक त यो समस्या शरीरिक अवस्था, मुटुजन्य रोग, थाइराइड बिग्रँदा, मधुमेह र हाइपरटेन्सनसँग सम्बन्धित हुनसक्छ । डाक्टरका अनुसार यो समस्या एन्जाइटी, स्ट्रेस र डिप्रेसनजस्ता मानसिक अवस्थासँग पनि सम्बन्धित हुनसक्छ ।

## साहित्य

# के गरुँ म ?



✍ आशिष यादव
*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

मनमा आँधीको भोकहरु चल्छन्
मनका भावना आगो सरी बल्छ
मुटुले भन्छ अघि सुरु
अब तिमी नै भन्न प्रिय म के गरुँ ?

भित्र छन् हल्ली खल्ली
सम्झना आउँछन् झलझली
फेरि एक हुने हो कि बरु
तिमी नै भन प्रिय म के गरुँ ?

छिन्छिनमा म मुर्छा पर्छु
जिउँदै म पटक पटक मर्छु
मनले भन्छ औकातमा झर
तिमी नै भन्न प्रिम म के गरुँ ?

म पनि हाँस्न चाहान्छु
थोरै दिन भएपनि बाच्न चाहन्छु
देखेर खिल्ली उडाउँछन् अरु
तिमी नै भन्न प्रिम म के गरुँ ?

# सपना



✍ रोजल घिमिरे
*कक्षा : ९, नवोदय शिशु सदन*

सपना सबैका हुन्छन्
कसैले सपना हेर्न छाडेर पूरा गर्न लाग्छन्
भने कसैले अल्छी गरेर सपना मात्र देख्छन्
सपना पूरा गर्नका लागि धेरै
मिहिनेत, काम र धैर्यता हुनुपर्छ

सपना देख्न सजिलो छ
तर पूरा गर्न गाह्रो छ
सपना देखेको जस्तो हुँदैन
सपना पूरा गर्न मिहिनेत गर्नुपर्छ

सपना पूरा गर्न सङ्घर्ष गर्नुपर्छ
सपना पूरा गर्न व्यक्ति सफल मानिन्छ
सपना ती होइन जुन निन्द्रामा आउँछन्
सपना ती हुन् जसले निदाउन दिँदैनन्

कसैले सपना पूरा गरेर भविष्य बनाउँछन्
कसैले सपना अधुरो छाडेर भविष्य बनाउन लाग्छन्
सपना पूरा गर्न धेरै त्यागहरु गर्नुपर्छ
सङ्घर्ष गरेर मात्र सपना पूरा गर्न सकिन्छ
विहान उठेपछि हामीसँग दृढता तातो हुन्छ
एउटा सुतेर सपना हेरेर बस्ने
देशको सपना हेर्न छाडेर पूरा गर्न लाग्ने

# गजल



✍ राजु 'हिमांशु'
*डाउहिल, खरसाङ*

मेरा सारा रातहरू आँसुले भिजाउन नआऊ
जलिसकेको चिता म,फेरि जलाउन नआऊ

टाढा हुँदा यादहरूमा बाँचेँ सम्झेर बेस्मारी
चुहिसकेको आँसु म,फेरि बगाउन नआऊ

नर्क यहीँ छ स्वर्ग यहीँ,बुझे जीवन रसिलो
मरेपछि स्वर्ग जाने लोभ फलाउन नआऊ

विश्वासमा बाँच्छ माया,घातमा मरिदिन्छ
माया बनी शङ्काको छुरा चलाउन नआऊ

जीवन कटु सैर्ष हो मृत्यु अकाट्य सत्य
कलिलो उमेरमा फेरि रोग लगाउन नआऊ

पिरहरूमा बाँचे पनि सपना त देख्छ 'राजु'
एकछिन रमाउने मन फेरि गलाउन नआऊ

कथा

# साइबर वाइफ

✍ विश्वराज अधिकारी

नितालाई साहित्यमा रूचि थिएन । उनको भनाइ अनुसार कुनै कथा वा कविता उनले कहिले पनि लेखेकी थिनन । तर कहिले काहिं पढ्ने गर्थिन । निताको त्यही कहिले काहिं पढ्ने बानीको उपयोग गर्ने अभिप्रायले मैले उनलाई प्रश्न गरे, "मैले एउटा कथा लेखेको छु । त्यो कथा कसरी समाप्त पार्ने भन्ने टुंगोमा म पुग्न सकेको छैन । अलमलमा छु । र त्यो अलमलको कारण त्यो कथा समाप्त हुन सकेको छैन । खासमा भन्ने हो भने कथाको उत्कर्ष लेख्न सकेको छैन ।"

"सुनौ न त त्यो कथा कस्तो रहेछ ।" निताको यो भनाइले मलाई सन्तुष्ट पार्यो । मैले कथा भन्ने तत्परता देखाएँ । तर एउटा सर्त पनि राखे, "निता जी, यो कथा सुनिसके पछि भने यो कथा कसरी समाप्त पार्ने भनी तपाइँले सल्लाह पनि दिनु पर्नेछ । अवश्य दिनु पर्नेछ है । कथाको समाप्ति दुई किसिमले हुन सक्छ । तपाइँले कुनै एउटा समाप्ति इमान्दारीपूर्वक रोज्नु पर्नेछ, है । मैले दुबै किसिमको समाप्ति प्रस्तुत गरेको छु ।"

निताले हाँस्दै भनिन, "हुन्छ दिने छु ।"

पाठक वृन्द, एँ साँच्चै, एउटा कुरा मैले भन्न छुटाए । पहिले नै भन्नु पर्ने थियो । मेरो र निताको भेट पहिलो पटक भएको थियो । मैले नै उनलाई नया सडक स्थित एउटा रेष्टुरेन्टमा दिउँसो लन्चको लागि आउन आग्रह गरेको थिएँ । र यो आग्रह फेसबुक मार्फत नै गरेको थिएँ । यो घटना सन् २०१८ को हो । नितासँग यो भन्दा पहिले कहिले पनि भौतिक रूपमा भेट भएको थिएन । केवल फेसबुकमा नै कुराकानी हुन्थ्यो । तर फेसबुकले हामी दुबैलाई ज्यादै नजिक पारिदिएको थियो । फेसबुकमा हुने च्याटले गर्दा लाग्थ्यो हामी प्रत्येक दिन भेट्छौ । मनका कुराहरू साटा साट गर्छौं ।

म कथा भन्न उत्साहित भएँ । र आरम्भ गरे पनि । लन्च खाने क्रम पनि जारि थियो । खानेकुरा र तिनको स्वादमा भन्दा मेरो ध्यान केवल आफूले सुनाउने कथामा मात्र केन्द्रित थियो । के के खाने कुरा मैले 'अर्डर' गरेको थिएँ, राम्रो गरी याद पनि भएन ।

"कथा यस्तो छ है निता जी ।" वातावरणलाई केही सहज तुल्याउने प्रयास गर्दै मैले कथा भन्न आरम्भ गरे, "मेरो कथाको प्रमुख पात्र उमेश आज एउटा ठोस निष्कर्षमा पुगेको छ । कान्तालाई भेटेर आफ्नो मनको सबै कुरा भन्ने विषयमा उसको मनमा कुनै किसिमको द्विविधा अब छैन् । कान्तासँग उसको फेसबुक मार्फत दोहरो परिचय भएको नौ दस वर्ष भयो । फेसबुक चर्चामा आएदेखि उमेश र कान्ता नजिक भएका हुन् । कान्तासँग उमेशको एकहरो परिचय भएको त बयालिस वर्ष भइसकेको छ । त्यस्तो किन हो भने कान्तालाई उमेशले मन पराएको बयालिस वर्ष भयो । र यो बयालिस वर्ष भित्रमा, अर्थात कान्ताको बिहे हुनु भन्दा पहिलेसम्म, उमेशले कान्तालाई आफूले मन पराउने कुरा भन्ने हिम्मत कहिले गर्न सकेन । किन गर्न सकेन यसको पनि एउटा अर्को कथा छ । त्यो उपकथा पछि भन्ने छु । तर मुख्य कारण भने आर्थिक स्तर नै थियो । अहिले उमेश पहिले जस्तो भने गरिब छैन । तर कान्तालाई यी कुराहरू केही पनि थाहा छैन । कान्तालाई यति मात्र के थाहा छ भने उमेश र उनको मित्रता फेसबुक मार्फत भएको करिब दस वर्ष भएको छ । उमेश एक असल व्यक्ति हुन । एक इमान्दार व्यक्ति हुन । वौद्धिक व्यक्ति हुन । उमेशको सामाजिक छवि पनि राम्रो छ । उनले कान्तालाई धरै पहिले देखि, कलेजको जमानादेखि, चिनेको भन्ने कुराको सुइँको सम्म पनि छैन कान्तालाई ।"

"उमेशको पनि बिहेबारी भएर उसका सन्तानहरूका पनि सन्तानहरू भइसेक छन् । यस्तै स्थिति कान्ताको पनि छ । तर दुबै नजिक छन, फेसबुक मार्फत । कान्तालाई उमेशको के कुराले आकर्षित गर्यो उमेशलाई थाहा छैन । तर अचम्म ! फेसबुकले उनीहरूलाई झनै नजिक बनाइ दिएको छ । फेसबुकमा प्रायः दुबैले च्याट गरि रहन्छन् । फेसबुकमा हरेक किसमका कुराहरू हुन्छन् । आफ्नै सन्तानका देखि लिएर युवा अवस्थाका कुराहरू पनि । कलेजका कुराहरू पनि । सामाजिक परिवेश र नेपाली राजनीतिका समेत पनि ।"

"फेसबुकमा उमेशले गरेका पोष्टिंगहरू कान्तालाई औधी मन परेर सोही अनुरूपको कमेन्टहरू आउँछन भने कान्ताले गरेका पोष्टिंगमा पनि उमेशको त्यस्तै किसिमका कमेन्टहरू आउने गर्दछन । दुई बीच सम्बन्ध सौहार्द छ । औपचारिकतामा मात्र सीमित छैन, फेसबुकका अन्य फ्रेन्डसहरूले गरे जस्तो ।"

"दुबैबाट गरिएका फेसबुकका पोष्टिंग र कमेन्टहरूले दुबैलाई वैचारिक रुपमा पनि एक तुल्याइ दिएको छ ।"

एक दिन उमेशले कान्तासँग फेसबुकमा कुरा गर्न न पाए उसलाई केही भुलेको, केही छुटेको जस्तो भान हुन्छ । यस्तै स्थितिमा कान्ता पनि हुनु पर्छ भन्ने उमेशको आशा छ । तर निश्चय भने छैन । उमेशको पोष्टिंकमा आएका कान्ताका सकारात्मक प्रतिक्रियाबाट उमेशलाई कान्ताले अति मन पराएको टुंगो मा पनि उमेश कहिलेकाहिं पुग्ने गर्दछ । र आफ्नो कलेजको जमानामा पुगेको, कान्तासँग प्रत्यक्ष कुराकानी गरेको क्षणिक कल्पना जनित आनन्द लिन्छ । आनन्दमा डुब्छ । मगन हुन्छ ।"

"फेसबुकका अन्य साथीहरू बीचको सम्बन्ध जस्तो उमेश र कान्ताको सम्बन्ध छैन । दुबै अति घनिष्ट छन । यो घनिष्टताले गर्दा नै उमेशलाई कान्तामाथि एक किसिमको अधिकार जस्तो अनुभव हुन्छ ।"

"एक दिन उमेशले कान्तालाई पुतलीसडकको काठमाडौंको नामी मानिएको एक रेष्टुरेन्टमा डिनरका लागि आउन आग्रह गर्छ । कान्ता आउछिन । उमेशले कान्ताई सबै कुरा भन्छ । आफूले कलेजको जमानादेखि नै कान्तालाई मन पराएको तर सो कुरा भन्ने आँट गर्न नसकेको रहस्य पनि खोल्छ । आफ्नो बिहे भइसकेको भएता पनि आफ्नी पत्नीलाई केवल एक 'समाजिक पत्नी' मात्र मानेको र मनसिक रुपमा भने आफ्नी पत्नीको रूपमा कहिले पनि नस्वीकार गरेको भन्छ उमेशले कान्तालाई ।"

"उमेशले कान्तालाई तपाइँ मेरो साइबर वाइफ रहेको भन्छ । आफ्नो पत्नीलाई भावनात्क रुपमा पत्नी कहिले पनि नमानेको र केवल विवाहको धर्म मात्र निर्वाह गरेको पनि भन्छ । पहिलो संसारमा धर्म पत्नी र दोस्रो संसारमा साइबर वाइफसँग, यसरी, आफू सँधै दुई संसारमा बाँचेको यथार्थ पनि खुलस्त पार्छ ।"

"कान्ता उमेशको कुरा सुनेर रिसाउँ छिन । मलाई यही भन्न बोलाएको, चर्को स्वरमा भन्छिन । तपाइँ खुस्केको मान्छे हो । मैले तपाइँलाई केवल एउटा साथी मात्र मनेको हो । त्यो भन्दा बढी केही पनि होइन । यस्ता अनेक कुरा गरेर कान्ता खाँदै गरेको लन्च छाडेर जान्छिन ।"

"यो कथा यत्तिकै मा टुङग्याउँ ? ल, भन्नुहोस निताजी, के गरौ ?" मैले प्रश्न गरे ।

मैले भन्ने क्रम जारि राखे, "कथाको अर्को समाप्ति यस्तो छ, बुझ्नु भयो निताजी । यस्तो- उमेशको कुरा सुनेर कान्ता हाँस्छिन । यस्तो पनि हुन सक्छ भनेर फेरि हाँस्छिन । कान्ताले भन्छिन- जे होस उमेशको कान्ताप्रतिको प्रेमलाई मैले इमान्दार प्रेम माने । साथै अनौठो पनि माने । तर उमेशले साइबर वाइफ भनेको चाहिँ मलाई मन परेन । हो, एक साथी जस्तो भएर उमेश र कान्ताको सम्बन्ध कायम रहनु भनेको चाहिँ राम्रो कुरा हो । त्यस्तो किसिमको पनि सम्बन्ध हुन सक्छ । शारीरिक सम्बन्ध बिनाको सम्बन्ध हुन सक्छ । होइन र ?"

मैले नितालाई प्रश्न गरे, "यो कथाको दुबै थरिको समाप्ति मैले तपाइँलाई सुनाएँ । अब कृपया भन्नु होस, कुन चाहिँ समाप्ति तपाइँलाई ठीक लाग्यो, पहिलो अर्थात माथिको वा दोस्रो अर्थात तलको ?"

निताले भनिन् "दोस्रो, अर्थात तलको समाप्ति मलाई ठिक लाग्यो ।" उनले थपिन, "इमान्दार व्यक्तिको इमान्दार प्रेमको मूल्यांकन र कदर दुबै हुनु पर्छ ।"

मैले भने, "म अति डराएको थिएँ?" "किन डराएको ?" निताले प्रश्न गरिन । मैले भने, "मलाई डर थियो, मेरो डर डरमा परिणत नहोस भनेर ।"

"कस्तो डर ?"

"अचम्मको डर !"

मैले प्रफुल्लित मुद्रामा भने, "निता जी, माथिको कथामा वर्णनन् गरिएकको कान्ता तपाइँ नै हो । अनि उमेश म हो । मैले नै हो तपाइँलाई बितेको बयालिस वर्ष देखि प्रेम गर्दै आएको । फेसबुकमा तपाइँसँग फ्रेन्ड भएर तपाइँसँग च्याट हुन थाले पछि भने तपाइँलाई साइबर बाइफ मानेको । फेसबुकले कुरा गर्न हामीलाई यति सुविधा दियो, यति नजिक तुल्याइ दियो कि मैले त तपाइँलाई वाइफ जस्तो मान्न थाले । तपाइँलाई आफ्नो साइबर वाइफ माने ।"

"साइबर बाइफसँग सम्बन्ध भने केवल कुराकानी र आक्कल झुक्कल भेटघाटमा मात्र सीमित रहने छ नि, है त ?" निताले प्रस्ट पार्ने शैलीमा प्रश्न गरिन ।

"होइन न भने......... ।." निताले यो वाक्यलाई पुरा गरिनन ।

"हो र SSSSSSS ?" मैले प्रश्न गरे ।

निताले केही पनि बोलिनन ।

एक अर्कालाई हेराहेर गर्दै वातावरण एक छिन शान्त रह्यो ।

यो घटना पछि नितासँग पटक पटक भेट भयो । त्यो क्रम अहिले पनि जारि छ ।

# २ आना दुई पैसासम्मका घडेरी बनाउन पाइने

## कृषि जमिनको कम्तीमा एक रोपनी हुनै पर्ने



काठमाडौं/सरकारले संशोधन गरेको भू-उपयोग नियमावलीले दुई आना दुई पैसासम्मका घडेरीका टुक्रा बनाउन पाइने व्यवस्था गरेको छ । बिहीबार राजपत्रमा प्रकाशित नियमावलीका अनुसार आवासीय र व्यावसायिक जग्गालाई ८० वर्गमिटरसम्मको टुक्रामा कित्ताकाट गर्नसक्ने व्यवस्था छ । यो भनेको दुई आना दुई पैसा क्षेत्रफल हो ।

यसअघि २०७९ मा आएको भू-उपयोग नियमावलीमा १३० वर्गमिटर अर्थात् चार आना एक दामभन्दा भन्दा सानो टुक्रामा जग्गाको कित्ताकाट गर्न नपाइने व्यवस्था थियो ।

जग्गा विकास योजनासहित नक्सा स्वीकृत गराई जग्गा विकास कार्यक्रम सञ्चालन हुने क्षेत्रमा ८० वर्गमिटर क्षेत्रफलको जग्गा कित्ताकाट गर्नसक्ने गरी नियमावली संशोधन भएको हो ।

तर, जग्गा विकास कार्यक्रम सञ्चालन हुनेगरी ८० वर्गमिटरमा कित्ताकाट गर्दा स्थानीय तहले निर्धारण गरेको सडक तथा बाटोको मापदण्डको आधारमा स्थानीय तहको सिफारिसअनुसार जग्गाको कित्ताकाट हुनुपर्ने संशोधित नियमावलीमा उल्लेख छ ।

जग्गा विकास कार्यक्रमको स्वीकृतिबाहेकको कित्ताकाटमा १३० वर्गमिटरभन्दा कम नहुने गरी गर्नुपर्ने र ५०० वर्गमिटर भन्दा सानो कित्ता बनाउँदा चौडाइभन्दा लम्बाइ चार गुणा बढी बनाउनुपर्ने व्यवस्था पनि कार्यान्वयन हुनेछ ।

कृषि क्षेत्रका हकमा नियमावलीअनुरुप वर्गीकरण भई कृषि क्षेत्र नतोकिँदासम्म काठमाडौं उपत्यकामा ५०० वर्गमिटर (करीब एक रोपनी) र भित्री मधेशमा ६७५ वर्गमिटर र अन्य क्षेत्रमा १ हजार वर्गमिटरसम्मको टुक्रामा कित्ताकाट गर्न सकिने भएको छ ।

कृषि क्षेत्र नोकिँदासम्म साविक नापजाँचबाट तयार भएको फिल्डबुकको किसिम महलमा धनहर खेततर्फको अब्बल, दोयम, सिम वा चाहार र पाखोतर्फ अब्बल, दोयम उल्लेख भएको जग्गा, नयाँ नापजाँच भई तयार भएको फिल्डबुकको किसिम महलमा कृषि क्षेत्र उल्लेख भएको जग्गालाई उक्त व्यवस्था लागु हुनेछ ।

यस बाहेकका अन्य जग्गाको हकमा भने कित्ताकाट गर्दा १३० वर्गमिटर र ५०० वर्गमिटर भन्दा कममा कित्ताकाट गर्दा चौडाई भन्दा लम्बाई चार गुण बढी हुनुपर्ने व्यवस्था नै कार्यन्वयन हुने संशोधित नियमावलीमा उल्लेख छ ।

**के-के थप भयो ?**

स्थानीय तहले वर्गीकरण गरेको जग्गा पनि कित्ताकाट हुने भएको छ । नियमावलीको नियम ४ अनुसार भू-उपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गर्नुपर्नेमा कुनै एक भू-उपयोग क्षेत्र नक्सा वा विवरण अद्यावधिक गर्न बाँकी रहेको भए पनि वर्गीकरण भएको क्षेत्रमा संशोधित नियमावलीअनुसार जग्गा कित्ताकाट गर्न सकिने व्यवस्थ गरेको हो ।

संशोधित नियमावलीको उपनियम सुरु भएको मितिले एक वर्षभित्र त्यस्तो वर्गीकरण भएको क्षेत्रको भू-उपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गरिसक्नुपर्ने संशोधित नियमावलीमा उल्लेख छ ।

यस्तै स्थानीय भू-उपयोग परिषद्‌बाट जग्गा वर्गीकरण गरी प्रत्येक कित्ताको विवरण तयार गर्दा कुनै कित्ता दुई वा सो भन्दा बढी भूउपयोग क्षेत्रमा पर्ने भएमा त्यस्तो कित्ताको जति क्षेत्रफल जुन वर्गीकरणमा पर्ने हो सोही वर्गीकरणमा समावेश गरी भूउपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने र त्यस्तो कित्ताको विवरणको कैफियत महलमा क्षेत्रफल समेत खुलाई त्यसको व्यहोरा जनाउनुपर्ने संशोधित नियमावलीमा उल्लेख छ । त्यस्तो जग्गाको वर्गीकरण अनुसार कित्ताकाट हुने भएमा दुई वा दुई भन्दा बढी वर्गीकरण अनुसारको कित्ताकाट गरी नक्सा स्रेस्ता अद्यावधिक गर्न सकिने भएको छ ।

सरकारले भू-उपयोग कार्यक्रममा थप ढिलाइ गर्ने भएको छ । भूउपयोग नियमावली २०७९ को पहिलो संशोधन स्वीकृत गर्दै भूउपयोग कार्यक्रम सञ्चालन हुने स्थानीय तहको नाम र मिति समेत खुलाएर नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरेको २ वर्षभित्र सम्बन्धित स्थानीय तहले भूउपयोग कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको हो ।

यसअघि सूचना प्रकाशित भए पनि भू-उपयोग कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था थियो । सरकारले २०७९ मा भू-उपयोग नियमावली स्वीकृत गर्दा नियमावली स्वीकृत भएको मितिले ६ महिनाभित्र भूउपयोग क्षेत्र वर्गीकरण नभएको गाउँ वा नगर कार्यपालिकाले कार्यान्वयन समितिको सिफारिसमा आफ्नो सीमाभित्र चारकिल्ला खुलाई कृषि क्षेत्र तोक्नुपर्ने व्यवस्था गरेको थियो ।

तर, सरकारले नियमावलीको नियम ५ को उपनियम ६ लाई संशोधन गर्दै संशोधित उपनियम लागू भएको १ वर्षभित्र चारकिल्ला खुलाई कृषि क्षेत्र तोक्न सक्ने छुट दिएको छ । सरकारले नियमावली संशोधनमार्फत आवास तथा कार्यालय भवन प्रयोजनका लागिबाहेक विकास निर्माण प्रयोजनका लागि लगत कट्टा गरी नेपाल सरकार, आयोजना वा सार्वजनिक संस्थाको नाममा कायम गर्दा, पनि जग्गा कित्ताकाट गर्नसक्ने व्यवस्था गरेको छ ।

सम्बन्धित स्थानीय तहले निर्धारण गरेको मापदण्डका आधारमा सडक तथा बाटो कायम गरी स्थानीय तहको सिफारिस बमोजिम नेपाल सरकारको नाममा कायम गर्दा, साविकदेखि नै भोगचलन गरिआएको जग्गा भोग चलन बमोजिम नाप जाँच गरी प्रचलित कानून बमोजिम कित्ता कायम गर्दा र अंशबण्डा वा अंश भरपाई वा मोही र जगाधनीबीच जग्गाको बाँडफाँट गर्न पनि कित्ताकाट गर्नसक्ने गरी नियमावली संशोधन भएको हो ।

# 'जुलेबी' र 'हिँड्दा हिँड्दै' गुमनाम रिलिज




काठमाडौं/फिल्म दर्शकका लागि बनाइन्छ । दर्शकले फिल्म हेरिदिए निर्माताको हातमा धेरथोर पैसा पर्ने हो । दर्शकको भीड हलसम्म ल्याउन फिल्मबारे जानकारी पुऱ्याउन सक्नुपर्छ । त्यसका लागि प्रचार जरुरी छ । किनकि, पीठो त बोल्नेकै बिक्ने हो । प्रचारबिना प्रदर्शन भएका फिल्म एक रेक्टरका भूकम्प जस्ता हुन्छन्, आएको/गएकै पत्तो नहुने । र, हलमा फिल्म दर्शकले कम, कुर्सीले बढी हेर्छन् ।

शुक्रबारबाट दुई नेपाली फिल्म 'जुलेबी' र 'हिँड्दा हिँड्दै' प्रदर्शनमा उत्रिएका छन् तर, गुमनाम हिसाबले । दुवै फिल्मका निर्माताले प्रचारमा खासै रुचि देखाएनन् । 'जुलेबी'ले थोरबहुत प्रचार त गऱ्यो तर प्रभावविहीन । सम्भवत: फिल्मको टिमलाई मात्र रिलिजबारे जानकारी भयो । 'हिँड्दा हिँड्दै'को त त्यति पनि भएन । फलत: यी दुईवटै फिल्मको बिहानी शोको अकुपेन्सी अत्यन्त दयनीय छ ।

ट्रेलर, टिजर, पोस्टर र गीतले पनि फिल्मको धेरथोर प्रचार गर्छ । दर्शकलाई हलसम्म तान्ने शक्तिशाली हतियार यिनै हुन् । 'जुलेबी' र 'हिँड्दा हिँड्दै' यसमा पनि चुकेको देखिन्छ । दुवै फिल्मको युट्युबमा सार्वजनिक प्राय: कन्टेन्टको भ्यूज एउटा साधारण म्यूजिक भिडियोको जत्ति पनि छैन । अब यी फिल्मको व्यापार 'वर्ड अफ माउथ'मा निर्भर रहनेछ, जुन हरेक फिल्मलाई अपरिहार्य हुन्छ ।

यतिबेला नेपाली हलमा 'गदर २', 'ओएमजी २', 'जेलर', 'रकी और रानीकी प्रेम कहानी' जस्ता विदेशी फिल्मको दबदबा छ । जसले गर्दा 'जुलेबी' र 'हिँड्दा हिँड्दै' मल्टीप्लेक्सहरुमा चेपुवामा परेका छन् । दुईवटै फिल्मलाई न्यून शो छ । फिल्मको हाइप र प्रचारको आधारमा पनि मल्टीप्लेक्सले शो बाँड्ने गर्छन् । यी दुवै हिसाबले शुक्रबारे फिल्म कमजोर निस्कँदा शोमा पनि खुम्चिन पुगेका हुन् ।

मिलन आले मगरद्वारा निर्देशित 'हिँड्दा हिँड्दै'मा आकाश श्रेष्ठ, सलोन बस्नेत, रेखा शाह, सानिया खान, विकास थापा मगर, विमल श्रेष्ठ, बाल कलाकारमा अर्विन थिङ्गको अभिनय रहेको छ । त्यस्तै, गणेशदेव पाण्डेको निर्देशन रहेको 'जुलेबी'मा सुरक्षा पन्त, निशा अधिकारी, उषा रजक, मोनिका थापा, सुशील सिटौला, पुष्कर कार्की, तुफान थापा, समीरमणी दिक्षितलगायत कलाकारमा छन् ।

# ललितानिवास प्रकरणमा किन रोकियो माधव र बाबुरामको बयान ?



काठमाडौं/बालुवाटार स्थित ललितानिवासको सरकारी जग्गा हडपेको प्रकरणमा सरकारी वकिलको कार्यालय, काठमाडौंले शुक्रबारसम्म अनुसन्धान प्रतिवेदन बुझाउन प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) लाई ताकेता गरेको छ । त्यसअनुसार प्रहरी प्रतिवेदन लेखनको अन्तिम तयारीमा जुटेको छ ।

तर, प्रतिवेदन बुझाउने अन्तिम दिनसम्म पनि पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईसँग बयान समेत लिइएको छैन ।

तत्कालीन पूर्वप्रधानमन्त्री नेपाल र भट्टराईलाई उन्मुक्ति दिएको भन्दै प्रश्न उठेका बेला सर्वोच्च अदालतले २१ साउनमा मन्त्रिपरिषदको निर्णय तथा कार्य प्रमाणित गरी कार्यान्वयन गर्ने तहमा संलग्नहरुमाथि अनुसन्धान गर्न आदेश दिएको थियो । आदेशमा पूर्वप्रधानमन्त्रीद्वयको नाम नतोके पनि पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिम पिरामिडको माथिल्लो तह) बाटै अनुसन्धान गर्न भनिएको थियो । त्यसपछि सरकारी वकिलसँग समन्वय गरेर ब्यूरोले पूर्वप्रधानमन्त्री नेपाल र भट्टराईको बयान लिने निर्णय गरेको थियो ।

स्रोतका अनुसार, त्यस अनुसार सीआईबी नेतृत्वले नेपाल र भट्टराईको सचिवालयलाई बयानका लागि आउनुपर्ने परिस्थिति बनेको भन्दै जानकारी गराएको थियो । त्यो सूचना पाएपछि युरोप भ्रमणमा रहेका नेपाल भ्रमण छोट्याएर गत सोमबार स्वदेश फर्किएका थिए ।

सुरक्षा स्रोतका अनुसार, बयान दिनुपर्ने सूचना नपुगेको भए नेपाल १ भदौमा स्वदेश फर्किने तयारी थियो ।

भट्टराई पनि बयानका लागि बोलाउने तयारी हुँदा पश्चिमतिरको यात्रामा थिए । नेपाल प्रहरीका एक उच्च अधिकृतका अनुसार, बयानका लागि बोलाएपछि उनी पनि हतारिएर काठमाडौं आएका थिए ।

ललितानिवास प्रकरणको अनुसन्धानमा संलग्न अधिकृतहरु पनि पूर्वप्रधानमन्त्रीद्वयको बयान लिन प्रश्नावलीहरु तयार गरेर बसेका थिए ।

तर, सोमबार बेलुकी बसेको सत्ता गठबन्धन बैठकपछि प्रहरी नेतृत्व पूर्ववत् निर्णयप्रति नरम बन्यो । फाइल नबुझाउञ्जेल जतिसुकै बेला बयान लिनुपर्ने हुनसक्ने भन्दै तयार भएर बसेका अनुसन्धान अधिकृतहरु अब लगभग पूर्वप्रधानमन्त्रीद्वयको बयान नहुने निष्कर्ष सुनाउन थालेका छन् । किनकि, अनुसन्धान अधिकृतहरुसँग अब फाइल बुझाउन बाँकी समय धेरै छैन ।

प्रहरीका एक उच्च अधिकृतका अनुसार, पूर्वप्रधानमन्त्रीद्वयलाई बयानका लागि बोलाउन 'गलत नजिर बस्न सक्ने सम्भावना' रहेको तर्क राजनीतिक नेतृत्वको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मंगलबार सम्पादकहरुसँग गरेको छलफलमा अदालतको आदेशपछि अप्रत्यक्ष रुपमा असन्तुष्टि जनाएका थिए ।

'एउटा प्रश्न स्वभावैले उठेको छ । हामी अघि बढी नै राखेका थियौं । झन्डै-झन्डै मन्त्रीहरूसम्म पुगिसकेकै थियौं । हुनसक्छ पूर्वप्रधानमन्त्रीहरूसम्म पनि कुनै न कुनै रूपमा पुग्ने थियौं', प्रचण्डले भनेका थिए, 'बीचैमा अदालतले ढ्याक्कै लौ त्यहाँ पनि जाऊ भन्न किन पर्यो होला ? के कारणले भन्ने प्रश्न उठेकै छ । यो जस्तो आँखाले देखिन्छ, त्यस्तै मात्र होइन कि भन्ने मलाई लागेको छ ।'

यहीबीच प्रहरीले पूर्वप्रधानमन्त्रीलाई बयान नलिई अनुसन्धान प्रतिवेदन बुझाउने तयारी गरेको छ । प्रहरीले बाबुराम भट्टराई नेतृत्वको सरकारले गरेको पशुपति टिकिन्छा गुठी सम्बन्धी मन्त्रिपरिषद्को निर्णय प्रमाणीकरण गरी तल्ला निकायहरुमा कार्यान्वयनका लागि पठाउने पूर्वमुख्यसचिव लीलामणि पौड्याललाई भने ब्यूरोमा बोलाएरै बयान लिइसकेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यसअघि बुझाएको ललितानिवास प्रकरणसँग जोडिएको भ्रष्टाचार सम्बन्धी मुद्दामा भने नेपाल र भट्टराईको बयान समेटिएको थियो ।

**कसरी जोडिए माधव र बाबुराम ?**

सीआईबीका अनुसार, २०४९ देखि २०७० सालसम्म पाँच पटक गरी ललितानिवासको १४३ रोपनी सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको अनुसन्धानबाट खुलेको छ । यसमध्ये २०६६ सालमा 'प्रधानमन्त्री निवास विस्तार'का नाममा २५ रोपनीभन्दा बढी जग्गा प्लटिङको बाटो बनाउन र मोहीका नाममा दर्ता हुन पुगेको छ ।

नेपाल नेतृत्वको सरकारले बालुवाटारस्थित प्रधानमन्त्री निवास विस्तार गर्ने र बाहिरको जग्गा पर्खालभित्र पार्दा त्यहाँ रहेका मोहीलाई सट्टा भर्नामा जग्गा दिने निर्णय गरेको थियो । निर्णय कार्यान्वयन हुँदा प्रधानमन्त्री निवासमा २७ रोपनी ७ आना २ पैसा १ दाम जग्गा थपिनुपर्ने थियो ।

तर मन्त्रिपरिषदले नै सरकारी जग्गामा हुँदै नभएको मोही खडा गरेर उनीहरुलाई अन्यत्र व्यवस्थापन गर्ने भनी निर्णय गऱ्यो र बालुवाटारको पर्खालभित्र थपिनुपर्ने जग्गाको करिब आधा हिस्सा मोहीका नाममा सारेर 'भूमाफिया'को कब्जामा गएको अनुसन्धान अधिकृतहरुको निष्कर्ष छ ।

प्रधानमन्त्री कार्यालयको परिपत्र भन्दै समरजंग कम्पनीको नाममा रहेको राजकुलो र सरकारी जग्गामा मोही कायम हुने गरी निर्णय भएको थियो । यो निर्णयको कारण धेरै सार्वजनिक, सरकारी र गुठी समेतका जग्गा हिनामिना भएको अधिकृतहरु बताउँछन् ।

५ माघ २०६९ मा मालपोत कार्यालय, डिल्लीबजारले ललितानिवासभित्र रहेको ६० आना जग्गा पशुपति टिकिन्छा गुठीका नाममा दर्ता गर्ने निर्णय गरेको थियो । डा. भट्टराई नेतृत्वको तत्कालीन मन्त्रिपरिषदले यसबारेमा सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको थियो ।

ललितानिवासमा बाँकी रहेको जग्गा हत्याउन भूमाफियाहरुले नक्कली गुठी खडा गरेर त्यसमा फर्जी मोही राखेर सरकारी जग्गा व्यक्तिको नाममा सारेको अधिकृतहरु बताउँछन् ।

यो प्रस्ताव मन्त्रिपरिषदमा पठाउन भूमिका खेलेको आरोपमा तत्कालीन मन्त्री चन्द्रदेव जोशी, सचिव दिनेशहरि अधिकारी लगायत गुठी संस्थानका कर्मचारीहरुलाई पनि प्रहरीले प्रतिवादी बनाउँदैछ ।

## पूर्वाधार विकास बैंकलाई कर्जा पुनर्संरचना र पूँजीकरण गरेको ब्याज आम्दानीमा कडाइ

काठमाडौं/पूर्वाधार विकास बैंकलाई कर्जा पुनर्संरचना र पुनर्तालिकीकरणमा राष्ट्र बैंकले कडाइ गरेको छ ।

शुक्रबार नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकलाई जारी गरेको एकीकृत परिपत्रमा संशोधन गर्दै कर्जा पुनर्संरचना वा पुनर्तालिकीकरण गर्दा ग्रेस अवधि भएको भए ग्रेस अवधि सकिएको २ वर्षसम्म ब्याज भुक्तानी भएमा मात्रै असल वर्गमा वर्गीकरण गर्न सक्ने भएको छ ।

ग्रेस कर्जा पुनर्संरचना वा पुनर्तालिकीकरण २ वर्ष नियमित भए मात्रै असल वर्गमा वर्गीकरण हुनेमा राष्ट्र बैंकले ग्रेस अवधिमा २ वर्ष थपको व्यवस्था गरेको हो ।

भाखा नाघेको वा ननाघेको कुनै पनि कर्जा/सापटलाई खराब कर्जामा वर्गीकरण गर्दा पूर्वाधार विकास बैंकले उपयुक्त प्रणाली एवम् पूर्वाधारको विकास गर्न राष्ट्र बैंकले निर्देशन दिएको छ । पूर्वाधार विकास बैंकले लगानी गरेको कर्जामा कर्जा प्रवाह सुरु भएको मितिदेखि कर्जाको किस्ता भुक्तानी गर्न सुरु हुने मितिलाई ग्रस अवधि बुझ्नुपर्ने उल्लेख छ ।

यस्तै बैंकले लगानी गर्ने कर्जामा ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको कुनै अवस्था देखिएमा संस्थामा ऋणीले पेश गरेको लिखित कार्य योजनाका आधारमा विश्वस्त भएमा मात्रै कर्जालाई पुनर्तालिकीकरण/वा पुनर्संरचना गर्न राष्ट्र बैंकले निर्देशन दिएको छ ।

लागतमा वृद्धि, परियोजनाको अवधिमा वृद्धि, नगद प्रवाहमा असन्तुलन जस्ता अल्पकालीन कारणले आम्दानीमा ह्रास आई कर्जाको किस्ता र ब्याज भुक्तानी निर्धारित समयमा नभएमा ऋण तिर्ने क्षमतामा कमी आएको हुने राष्ट्र बैंकले जनाएको छ ।

कर्जाको किस्ता वा ब्याज निर्धारित भाखामा भुक्तानी भएतापनि प्रतिकूल बाह्‍य अवस्था वा अन्य कुनै कारणले ऋणीको भविष्यको किस्ता वा ब्याज निर्धारित भाखामा भुक्तानी हुन नसक्ने अवस्था सिर्जना भएमा पनि ऋण तिर्ने क्षमतामा कमी भएको मानिनेछ । ऋणी कम्पनी नेपाल स्टक एक्सचेन्जबाट डिलिस्ट भएमा वा डिलिस्ट हुने प्रक्रियामा र हेमा, कर्जाको किस्ता वा ब्याज भुक्तानीको लागि ऋणीको वास्तविक वित्तीय अवस्था वा अनुमानित वित्तीय अवस्था पर्याप्त नभएमा पनि ऋण तिर्ने क्षमतामा ह्रास आएको बुझिनेछ ।

पूर्वाधार बैंकले सक्रिय वर्गमा रहेका कर्जालाई पहिलो पटक पुनर्संरचना र/वा पुनर्तालिकीकरण गरिएमा, समान किस्तामा भुक्तानी हुने गरी पुनर्संरचना र/वा पुनर्तालिकीकरण गरिएमा, बढीमा एक वर्षसम्म ग्रेस अवधि राखी कर्जा पुनर्संरचना र/वा पुनर्तालिकीकरण गर्दा १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने राष्ट्र बैंकको निर्देशन छ ।

यस बाहेकका अवस्थामा भने पुनर्संरचना र/वा पुनर्तालिकीकरण गरिएमा न्यूनतम २५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने राष्ट्र बैंकले जनाएको छ ।

**ब्याज पूँजीकरण बैंकले गर्न सक्ने, आम्दानी जनाउन कडाइ**

पूर्वाधार विकास बैंकले ग्रेस अवधिमा पाकेको ब्याजलाई पूँजीकरण गर्न रोक लगाएको राष्ट्र बैंकले राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा पनि आवश्यकता एवं औचित्यका आधारमा बैंकले नै ब्याज पूँजीकरण गर्न सक्ने भनेको छ ।

यसअघि राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्रै राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको कर्जामा ब्याजदर पूँजीकरण गर्न सकिने व्यवस्था थियो ।

यसरी ब्याज पूँजीकरण गर्न सम्बन्धित पूर्वाधार विकास बैंकको सञ्चालक समितिले निर्णय गर्नुपर्ने राष्ट्र बैंकले जनाएको छ । तर, पुनर्संरचना वा पुनर्तालिकीकरण गरिएको कर्जाको ब्याजलाई पूँजीकरण गर्न नपाइने निर्देशनमा उल्लेख छ ।

यस्तै ग्रेस अवधिको ब्याजलाई पूँजीकरण गर्दा पूँजीकृत ब्याज रकमलाई पूँजीकृत ब्याज आवधिक कर्जा शीर्षकमा छुट्टै लेखांकन गर्ने व्यवस्था गरेको छ । त्यसलाई परियोजनाको नगद प्रवाह विश्लेषण गरी भुक्तानी अवधि भने सम्बन्धित बैंकले निर्धारण गर्न सक्ने राष्ट्र बैंकले जनाएको छ ।

पूर्वाधार बैंकले आफ्नो संस्थाको नाममा रहेको गैर-बैंकिङ सम्पत्तिको लिलाम गर्दा एउटै मूल्यांकनकर्ताबाट लगातार एकपटक भन्दा बढी सोही सम्पत्तिको मूल्यांकन गराउन राष्ट्र बैंकले रोक लगाएको छ । यस्तै पूर्वाधार विकास बैंकले ५० करोड वा सोभन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह वा नवीकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ एजेन्सीबाट गरिएको रेटिङलाई कर्जा मूल्यांकनको आधारको रुपमा लिनुपर्ने व्यवस्था समेत ल्याएको छ ।

पूर्वाधार विकास बैंकले एकै प्रकारका परियोजनामा कुल कर्जाको ५० प्रतिशत भन्दा बढी कर्जा लगानी गर्न ६ वर्षको लागि छुट पाएको छ। यसअघि ४ वर्षको लागि रहेको उक्त व्यवस्था संशोधन गरेको हो ।

# 'एक भगवत् गीता' पोस्टरमा रोमान्टिक धिरज र सुहाना, विपिनको ट्रान्सजेन्डर लुक्स




काठमाडौं/आगामी भदौ २९ गतेबाट प्रदर्शन हुने तयारीमा रहेको झरना थापाद्वारा निर्देशित फिल्म 'एक भगवत् गीता' दुईवटा कारणले चर्चामा छ । एउटा, अभिनेता विपिन कार्कीको ट्रान्सजेन्डर लुक्स । गत महिना सार्वजनिक भएको टिजरमा उनको कमलामाई अवतारले दर्शकलाई ठूलो 'सरप्राइज' दिएको छ । दोस्रो, पहिलोचोटी अभिनेता धिरज मगर र अभिनेत्री सुहाना थापाको जोडी बाँधिएको छ ।

यसबीच, शुक्रबार फिल्मको 'क्यारेक्टर लुक्स' पोस्टर सार्वजनिक गरिएको छ । जसमा धिरज र सुहाना रोमान्टिक अवतार मा प्रस्तुत छन् । पोस्टरमा धिरज गुरुङ पहिरनमा चित्रित छन् । यसबाट उनको चरित्र गुरुङ समुदायको रहेको बुझ्न सकिन्छ । सुहानाको लुक्स र गेटअपले भने मधेशी समुदायको झल्को दिन्छ । त्यस्तै, पोस्टरमा विपिन ट्रान्स वुमन (ट्रान्सजेन्डर)को लुक्समा प्रस्तुत छन् ।

अन्तरजातीय प्रेमकथामा आधारित यो फिल्ममा कबीर खड्का, जेविस/जेविन श्रेष्ठ, संजोग र साइली, मुकेश झा, अनुराग कुँवर, राम कैलाश ठाकुर, धिरज ठाकुर को पनि अभिनय छ । सुनिल कुमार थापाको निर्माण रहेको फिल्मको कथा निर्देशक थापा स्वयंको हो । झरनासँगै सरिन पोखरेल, परिक्षेद सेन, पुरुषोत्तम ढंगेल र कृष्णको पटकथा रहेको फिल्ममा परिक्षेद र पुरुषोत्तमको संवाद छ ।

राजेश श्रेष्ठको छायांकन, मित्र डि गुरुङको सम्पादन, हिमाल केसीको द्वन्द्व, कविराज गहतराजको कोरियोग्राफी तथा शैलेश श्रेष्ठको ब्याकग्राउण्ड स्कोर रहेको फिल्मको निर्मातामा सुहाना थापा छिन् । छायांकन सुरु हुँदा फिल्मको नाम 'भगवत् गीता' मात्र थियो । झरनालाई 'ए' शब्द फापिरहेकाले फिल्ममा 'एक' शब्द थपिएको हो । उनी निर्देशित 'ए मेरो हजुर'का तीनवटै सिरिज सफल छन् ।

**पोस्टरको कुनामा राखिएकोप्रति वर्षा भन्छिन्, 'चित्त दुखाई छैन'**

काठमाडौं/फिल्मको प्रचार सामाग्रीमा कलाकारलाई दिइने स्थानले ठूलो अर्थ राख्छ । फिल्ममा मुख्य भूमिकामा रहेको कलाकारलाई ट्रेलरमा झलाकझुलुक र पोस्टरमा कुनामा राख्दा मेकरको नियतमाथि प्रश्न उठ्छ । कतिपय फिल्मको प्रचार यिनै कारणले समेत प्रभावित भएका छन् । आफूलाई उचित स्थान नदिएको भन्दै कलाकार प्रचारमा नहिँडिदिँदा टिमभित्र मनमुटावको स्थिति सृजना हुने गर्छ ।

भदौ १४ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'ऐंचो पैंचो'मा अभिनेत्री वर्षा राउतको धेरै रोल काटिएको र महत्त्वपूर्ण पोस्टरमा आफ्नो फोटो सबैभन्दा कुनामा राखिएकोप्रति उनी निर्देशक तथा निर्मात्री कृषा चौलागाईंसँग असन्तुष्ट रहेको भन्दै मिडियामा व्यापक चर्चा भैरहेको छ । सोमबार यो फिल्मको ट्रेलर रिलिज कार्यक्रममा वर्षा अनुपस्थित भएपछि चर्चाको आगोमा झनै घिउँ थप्ने काम गऱ्यो ।

ट्रेलर सार्वजनिकपछि फिल्मको प्रचारमा सक्रिय रहेकी वर्षाले मेकरसँग आफ्नो केही चित्त दुखाई भए सिधै भन्न सक्ने बताएकी छन् । यसका लागि आफूले मिडियाको माध्यम नखोज्ने उनको भनाई छ । उनी भन्छिन्, 'मैले कसैसँग केही भनेको पनि छैन । कसैसँग चित्त दुखाई पनि होइन । मेरो केही गुनासो भएको भए सिधै मेकरलाई नै भन्छु । यसका लागि मिडियाको माध्यमबाट जानु पर्दैन ।'

निर्देशक र कलाकारसँग आफ्नो नराम्रो सम्बन्ध नरहेको समेत उनको दाबी छ । पोस्टरलाई हेरेर फिल्मको मुल्यांकन नगर्न उनको आग्रह छ । अभिनेत्री स्वस्तिमा खड्का भने पोस्टरमा वर्षालाई कुनामा राखेको विषयमा भैरहेको चर्चालाई पितृसत्तात्मक सोचको कारण मान्छिन् । वर्षाको ठाउँमा पुरुष कलाकार भएको भए पोस्टरमा किन पछाडि राखेको भनेर कसैले नभन्ने उनको धारणा छ ।

# 'पशुपति प्रसाद २ : भष्मे डन' पोस्टरमा विपिन भष्मे डन, स्वस्तिमा दुर्गामाता

काठमाडौं/दुई फिल्म 'अलविदा' र 'रोमियो'का निर्माता तथा अभिनेता हसनराजा खान अब आफैं फिल्म निर्देशनमा उत्रने भएका छन् । यसै हप्ता अमेरिकाको न्यूयोर्कमा आयोजित 'ग्लोबल नेपाली फिल्म अवार्ड'मा उनले आफ्नो निर्माण तथा निर्देशनमा बन्न लागेको फिल्म 'प्रस्थान'को औपचारिक निर्माण घोषणा गरेका हुन् । वैदेशिक रोजगारीको कथामा आधारित भएर फिल्म बन्ने उनले बताएका छन् ।

फिल्म दुबई र नेपालमा खिचिनेछ । हसन लामो समयदेखि व्यावसायको सिलसिलामा दुबईमा बस्दै आइरहेका छन् । 'रोमियो'पछि उनले फिल्मबाट दूरी बनाएका थिए । फिल्मको निर्माणमा दुबईको कम्पनी किव्रा इभेन्ट्सले समेत सहकार्य गर्नेछ । 'प्रस्थान'लाई हिन्दी भाषामा डब गरेर भारतका हलमा प्रदर्शन गर्ने योजनामा हसन छन् । फिल्ममा अहिलेसम्म कलाकारको टुंगो लागेको छैन । हसनको अभिनय करिअर फिल्म 'साथी म तिम्रो'बाट सुरु भएको थियो । यसपछि उनी आफैं फिल्म निर्माणमा होमिए । सन् २००९ मा 'मिस्टर राजधानी'को उपाधि जितेका उनले फिल्म 'अलविदा'बाट नेफ्टा अवार्डमा उत्कृष्ट डेब्यू अभिनेताको अवार्ड जितेका थिए । हसन मुश्लिम समुदायबाट प्रतिनिधित्व गर्छन् । नेपाली फिल्ममा मुश्लिम समुदायका कलाकार औंलामा गन्न सकिने मात्र छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

एमसीसी परियोजना अन्तर्गत प्रसारण लाइन निर्माण गर्न

# मकवानपुरमा जग्गा अधिग्रहण प्रक्रिया सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/अमेरिकाको अनुदान आयोजना मिलिनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) अन्तर्गत मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल) द्वारा सन्चालित विद्युत प्रसारण लाइन निर्माणका लागि मकवानपुरमा पनि जग्गा अधिग्रहण प्रक्रिया सुरु भएको छ ।



४०० केभीए विद्युत प्रसारण आयोजनाअन्तर्गत नुवाकोटको रातमाटे सबस्टेसनदेखि हेटौंडा सबस्टेसन खण्डमा पर्ने जग्गा अधिग्रहणको प्रक्रिया सुरु गरिएको हो । जिल्ला प्रशासन कार्यालय मकवानपुरले शुक्रबार सूचना सार्वजनिक गर्दै थाहा नगरपालिका वडा नम्बर ८, कैलाश गाउँपालिका वडा नम्बर ३, ४, ५ र ६, राक्सिराङ गाउँपालिका-१ र हेटौंडा उपमहानगरपालिकाका वडा नम्बर ३ र १९ मा जग्गा अधिग्रहण प्रक्रिया सुरु गरेको हो ।

सूचना प्रकाशित भएको मिति (२०८० भदौ १ गते) देखि २१ दिनभित्र सरोकारवाला व्यक्तिले अधिग्रहण हुने जग्गामा कुनै घर, टहरा, रुखबिरुवा, बालीनाली लगायतका अन्य संरचना भए सोसमेतको मुआब्जा तथा क्षतिपूर्तिको दाबी सहित जिल्ला प्रशासन कार्यालय मकवानपुरमा निवेदन दिन सक्नेछन् । जग्गा अधिग्रहण गर्न नपर्ने कुनै मनासिब कारण भएमा पनि सात दिनभित्र निवेदन दिन सकिने सूचनामा उल्लेख छ ।

४०० केभीए विद्युत प्रसारण आयोजना निर्माणकै लागि बुटवल सबस्टेशनदेखि दमौली सबस्टेशन खण्डमा पर्ने पाल्पामा पनि जग्गा अधिग्रहण प्रक्रिया सुरु भइसकेको छ । एमसीसी परियोजनाअन्तर्गत अमेरिका सरकारको अनुदानमा रातमाटे-लप्सीफेदी-हेटौंडा-नयाँ दमौली-नयाँ बुटवल खण्डमा प्रसारणलाइन निर्माण गर्न लागिएको हो । यसअन्तर्गत भारतीय सीमादेखि न्यु बुटवल, न्यु बुटवल-न्यु दमौली, न्यु दमौली-रातमाटे (नुवाकोट), रातमाटे-हेटौंडा र रातमाटे-लप्सीफेदी (काठमाडौं) प्रसारण खण्ड निर्माण गरिनेछ ।

यो प्रसारण लाइनको क्षमता ४०० केभीएको हुनेछ । त्यस्तै, रातमाटे, दमौली र बुटवलमा तीनवटा ४०० केभीएका ठूला सबस्टेसनहरु निर्माण हुनेछन् । प्रसारण लाइनअन्तर्गतका आयोजनामा करिब ४० करोड डलर खर्च गरिनेछ । एमसीसी अन्तर्गत नै सडक सुधार योजना पनि सञ्चालन हुनेछ । यसअन्तर्गत दाङको भालुबाङदेखि बाँकेको सीमा शिव खोलासम्म ७७ किलोमिटर सडक सुधार गर्ने योजना छ ।

# तामाङ प्रसारण दिवसमा संचारकर्मी सम्मानीत

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/तामाङ पत्रकार संघ मकवानपुरले शुक्रबार तामाङ प्रसारण दिवस मनाएको छ । शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रमको आयोजना गर्दै बागमती प्रदेशको राजधानी हेटौंडामा २९ औं तामाङ प्रसारण दिवस मनाएको हो ।



दिवसको अवसरमा मकवानपुर रेडियोका सञ्चारकर्मी दुदुमाया सिन्तानलाई तामाङ पत्रकारिता सम्मान २०८० बाट ५ हजार रुपैयाँ राशिसहित सम्मानित गरिएको छ । तामाङ पत्रकार संघ मकवानपुरका अध्यक्ष जयराम मोक्तानको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा प्रमुख घलानलले कला, संस्कृतिको संरक्षण संर्वद्धनको लागि तामाङ प्रसारण दिवसले सहयोग पुऱ्याएको बताए । यस्तै तामाङ पत्रकारहको हकहितको लागि सहयोग गरिने प्रतिबद्धता जनाए ।

राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष बनस्तम थिङ, नेपाल तामाङ घेदुङ संघीय सदस्य मेम्बार लो, सुवास सिन्तान, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, नेपाल तामाङ घेदुङ बागमती प्रदेशका अध्यक्ष लिलाबहादुर घलान, नेपाल तामाङ घेदुङ मकवानपुरका अध्यक्ष कालु घलान, सचिव किरणमान बल, तामाङ कलाकार संघका अध्यक्ष धिरेन लामा, हेटौंडा-१५ का वडाध्यक्ष सुनिल मोक्तान, हेटौंडा-१३ का वडाअध्यक्ष पेम्बा लामा, आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जङ्गबहादुर गुरुङ, आदिवासी जनजाति पत्रकार महासंघ मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठ, मगर संघ मकवानपुरको सहसचिव भुपेन्द्र रानामगर, तामाङ विद्यार्थी घेदुङ बागमती प्रदेश सचिव इशा पाखिनलगायतको उपस्थिति थियो ।

## नेउवा महासंघ बागमती प्रदेश रोजगार समितिको उपसभापतिमा थाहानगरका कार्की

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको रोजगार समितिको उपसभापतिमा थाहानगर उद्योग वाणिज्य संघका शम्भुसिंह कार्की मनोनित भएका छन् । कार्की सामुदायिक रेडियो रेडियो पालुङका संस्थापक तथा दक्षिण एसियामै पहिलो पटक अडियो टावर संचालन गर्ने संस्थाको पनि संस्थापक हुन् ।

नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत प्रदेश उद्योग वाणिज्य महासंघको गठन तथा संचालनसम्बन्धी नियमावली, २०७३ बमोजिम कार्कीलाई उपसभापतिमा मनोनित गरेको बागमती प्रदेश अध्यक्ष दिलसुन्दर श्रेष्ठले जानकारी दिएका छन् । समितिको सभापति नेपाल उद्योग वाणिज्य महासंघ बागमतीका सदस्य बीरेन्द्रनाथ भट्टराई रहेका छन् । महासंघको हालै सम्पन्न बैठकले समितिको सदस्यहरु मनोनित गरेको हो ।

समितिको सदस्यहरुमा हिटको प्रालिका प्रदीपमान प्रधान, क्वालिटी किचन इन्भेस्टमेन्ट प्रालिका उज्वल सत्याल, भ्याली कोल्ड स्टोरका सक्षम घिमिरे, बाघभैरव प्रीन्टिङ हवका सुकदेव जोशी र नेपाल औषधि उत्पादक संघका सदस्य सन्तोष बराल मनोनित भएका छन् । थाहानगरको पालुङ जेसीज भवनमा ३२ साउनमा भएको बागमती प्रदेशस्तरीय विषयगत समिति परिचयात्मक कार्यक्रमको अवसरमा मनोनित सबैलाई शुभकामना आदानप्रदानसहित प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रममा महासंघ बागमती प्रदेशका पदाधिकारी तथा विषयगत समितिका सदस्यहरुको उपस्थिति रहेको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अन्तर्गत १ दर्जन बढी विषयगत समितिहरु गठन भएका छन् ।

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

गोपाल थापा, हेटौंडा बसपार्क

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

# निकुञ्जको कोर एरियामा पर्खाल लगाउन सुझाव

साझाकुरा संवाददाता


हेटौंडा, १ भदौ/ मकवानपुरबाट प्रतिनिधिसभामा निर्वाचित सांसद महेश बर्तौलाले निकुञ्जको कोर एरियामा सकेसम्म कंक्रिटवाल र कम्तिमा पनि अपसेट तारबार गर्नुपर्ने वताएका छन् । यसबाट जनता र जनावरकाबीचमा हुने द्वन्द्व कम हुने बताएका हुन् ।

मकवानपुरको हाँडीखोला क्षेत्रमा बर्षेनी जंगली जनावरको श्रृंखलावद्ध आक्रमणमा मानिसको मृत्यु हनु गरेको बताउँदै सांसद बर्तौलाले मृतकको परिवारले क्षेतिपूर्ति वापत पाउने १० लाख रुपैयाँ बढाएर २५ लाख रुपैयाँ पुऱ्याउनुपर्ने कुरामा जोड दिए । शुक्रवार नेकपा (एमाले)का सचेतक बर्तौलाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको महानिर्देशक डा. सिन्धु ढुंगानासँग संरक्षण क्षेत्र, निकुञ्जको कोरएरिया तथा बफरजोनका विषयमा छलफल गर्दै बफरजोनको परिभाषाको विकास गर्नुपर्ने र मध्यवर्ती क्षेत्रको सीमाना मानवबस्तीबाट पर सार्नुपर्ने वताए ।

सांसद बर्तौलाले मनहरी लगायतको क्षेत्रमा भूमि आयोगले वितरण गर्न लागेको जग्गाको निस्सा वितरणमा निकुञ्जले समस्या खडा गर्दा कुनैपनि वेला वन र स्थानीयबीचमा समेत झडप हुनसक्ने उल्लेख गर्दै भूमिहिन, दलित, सुकुम्वासीलाई जग्गा प्राप्त गर्नमा सहजिकरण गर्न अनुरोध गरे । छलफलकै क्रममा मनहरी गाउँपालिका पूर्वअध्यक्ष एकराज उप्रेतीले आफू अध्यक्ष हुँदा राप्ती संरक्षणबाट प्राप्त र प्रतापपुर क्षेत्रको वस्ती स्थानान्तरणबाट करिव ९०० विगाह जग्गा उकासिएकोमा खोलाले ४०० विगाह बगर बनाउन लागेले जग्गाको संरक्षण गर्नुपर्ने बताए ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको महानिर्देशक डा. सिन्धु ढुंगानाले छलफलकै क्रममा आफू काम गर्नको लागि सकारात्मक रहेको बताए । सांसद बर्तौलाले विभाग सकारात्मक भए त्यस क्षेत्रमा जनतालाई पर्यटन विकासका माध्ययमबाट रोजगारी सृजना गर्न सकिने र स्थानीय युवालाई स्थानीयस्तरमा नै टिकाउन सकिने वताए ।

# महिला सक्षम हुन जरुरी छ : मेयर लामा



साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/हेटौंडा उपमहानगरपालिकाकी मेयर मीना लामाले महिला सबै क्षेत्रमा सक्षम हुन जरुरी रहेको बताएकी छन् । शुक्रवार मानवअधिकारको लागि महिला एकल महिला समूह मकवानपुरले हेटौंडामा आयोजना गरेको महिला शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रिय सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को दोस्रो राष्ट्रिय कार्ययोजना सम्बन्धी सरोकारवालासँग नागरिक संवाद कार्यक्रममा बोल्दै लामाले महिला सक्षम भए उपमहानगरपालिकाकै विकास हुने बताएकी हुन् ।

मेयर लामाले एकल महिलाका लागि उपमहानगर पालिकाबाट आयआर्जनमा जोड्न बजेट समेत छुट्याएको बताइन् । लामाले एकल महिलालाई विभिन्न कार्यहरुमा प्रोत्सहन गर्न आफ्नो तर्फबाट सधैं सहयोग गर्ने प्रतिवद्धता समेत जनाइन् । कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अधिकृत कृष्णप्रसाद मिश्रले सुरक्षासम्बन्धी संयुक्त राष्ट्रिय सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को बारेमा प्रष्ट पारेका थिए ।

त्यसैगरी कार्यक्रममा मानवअधिकारको लागि महिला एकल महिला समूह बागमती प्रदेशका अधिकृत अप्सरा अर्यालले कार्यक्रमको उदेश्यबारे जानकारी गराएकी थिइन् । मानवअधिकारको लागि महिला एकल महिला समूह मकवानपुरका अध्यक्ष शान्ता विकको सभाध्यक्षता भएको कार्यक्रममा प्रदेश अध्यक्ष देवकी पौडेल, जिल्ला महासचिव शारदा चौलागाई, सचिव अमृता थापा मगर, कोषाध्यक्ष निर्मला पौडेल, नेपाल रेडक्रस सोसाईटी जिल्ला सदस्य कृष्णाबहादुर मिश्र, ईन्सेक बागमती प्रदेश संयोजक गणेश भण्डारी, बार एशोसिएसन मकवानपुरका अध्यक्ष अप्सरा बस्नेतलगायतको आथित्यता रहेको थियो ।

**आवश्यकता**

यस **साझाकुरा राष्ट्रिय दैनिक**का लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **पद** | : मार्केटिङ्ग म्यानेजर |
| **योयता** | : कक्षा १२ उत्तीर्ण |
| **कामको समय** | : विहान ११:०० बजदेखि साँझ ७:०० बजेसम्म । |
| **अनुभव** | : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङ्गसम्बन्धी ज्ञान । |
| | : मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको |
| **तलब** | : आपसी समझदारीमा तय गरिने । |

साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२१११५, sajhakura@gmail.com

# आरामाविमा विज्ञान कक्षा तथा प्रयोगशाला उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविमा विज्ञानकक्षा तथा प्रयोगशाला उद्घाटन भएको छ । शुक्रवार विद्यालयमा आयोजित कार्यक्रममा शिक्षा तथा मानव स्रोतविकास केन्द्रका महानिर्देशक चुडामणि पौडेलले प्रयोगशालाको उद्घाटन गरेका हुन् ।



विज्ञान कक्षा तथा प्रयोगशाला उद्घाटन भएसँगै विद्यालयले यसै शैक्षिक सत्रदेखि कक्षा ११ मा विज्ञान विषयको पठनपाठन सुरु गरेको छ । विज्ञान संकाय सुरुवातको घोषणा तथा प्रयोगशाला उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै महानिर्देशक पौडेलले मकवानपुर जिल्लाकै उत्कृष्ट आधुनिक माविलाई अझै व्यवस्थित गरेर लैजान सुझाव दिए ।

अहिले प्लस टुपछि विद्यार्थीहरु विदेश जाने तयारी गर्ने हुँदा विज्ञान पढ्ने विधार्थीहरुमा कमी आएको समेत बताए ।

महानिर्देशक पौडेलले हालसम्म पनि २०२८ सालकै शिक्षा ऐन लागु भइरहेको भन्दै सरकारले शिक्षा ऐन परिवर्तन गर्न खोजेको बताए । संघीयताको मर्म अनुसार सरकारले नयाँ ढंगबाट जाने सोच बनाएर कार्यविधि तयार गरिएको बताए । सरकारले ल्याउन लागेको शिक्षा ऐनमा विभिन्न टिकाटिप्पणीहरु भईरहेको बताउँदै पौडेलले सरकारले ल्याएको ऐन नै सुधारको लागि भएको दावी गरे ।

बागमती प्रदेशको शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक पूर्णबहादुर दर्जीले विज्ञान विषय पढ्ने विद्यार्थीहरुका लागि आधुनिक माविले अवसर प्रदान गरेको बताए । उनले विज्ञान, गणितको जनशक्ति नभएको बताउँदै विज्ञान विषय लिएर पढ्दा धेरै अवसरहरु प्राप्त गर्न सकिने बताए । उनले मकवानपुर जिल्लामै उत्कृष्ट आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयलाई आगामी दिनहरुका लागि पनि सहयोग गर्ने प्रतिवद्धता जनाए ।

विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईका अनुसार पहिलो वर्षमा विज्ञान संकायमा ४३ जना विद्यार्थी भर्ना भएका छन् । २०६७ सालदेखि उच्चमावि तहमा मानविकी र शिक्षा संकाय सञ्चालन गर्दै आएको आधुनिकमा यस वर्षदेखि अग्रेजी माध्यममा व्यवस्थापन संकायलाई पनि सुरु गरेको प्रअ गुरागाईले बताए ।

विद्यालयले प्रयोगशाला तथा विज्ञान कक्षालाई व्यवस्थित बनाएर लैजाने उनले बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समीम अन्सारीको सभाध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतम, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, विद्यालय पूर्वप्रधानाध्यापक ऋषिराम पोखरेलको आतिथ्यता रहेको थियो ।

# ओम् वृद्धाश्रमको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/हेटौंडा-२ चौकीटोलमा रहेको ओम् वृद्धाश्रमको १७ औं साधारणसभा शुक्रवार सम्पन्न भएको छ । साधारणसभा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव भीष्मकुमार भुषालको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

साधारणसभालाई सम्वोधन गर्दै सचिव भुषालले वृद्धाश्रमले वृद्धवृद्धाहरुको क्षेत्रमा प्रशंसनीय कार्य गरेको बताउँदै सामाजिक विकास मन्त्रालय वृद्धाश्रमलाई सदैव सहयोग गर्ने बताए । साधारणसभामा सचिव नारायणप्रसाद कँडेलले प्रगति प्रतिवेदन र कोषाध्यक्ष फणिन्द्रप्रसाद तिमल्सिनाले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

कार्यक्रममा हेटौडा उपमहानगरपालिका सामाजिक विकास महाशाखा प्रमुख भैरबबहादुर कमाल, ज्येष्ठ नागरिक जिल्ला संघका अध्यक्ष हरिप्रसाद सिग्देल, मामाघर नेपालका संरक्षक अर्पण पराजुली, वृद्धाश्रमका संस्थापक अध्यक्ष बुद्धिप्रसाद पौडेल, उपाध्यक्ष बेगम बराल, सल्लाहकार सुर्दशन अधिकारी, सञ्चाकर्मी भीमसेन पौडेल, देवीप्रसाद कोइरालालगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

वृद्धाश्रममा हाल १७ पुरुष र ८ महिला गरी २५ जनाले आश्रय लिइरहेका छन् भने ३ जना हेरचाह गर्ने र १ जना स्टाफ नर्स रहेको सदस्य रुपा ढुङ्गानाले बताइन् । साधारणसभामा वृद्धाश्रमलाई सहयोग गर्ने विभिन्न ब्यक्तिलाई सम्मान गरिएको थियो ।

भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो,
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो, आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं. २०३४ पौष १७

स्वर्गारोहणः
२०८० श्रावण २३

स्व. विश्वास अर्याल

यस विद्यालयका प्रा.वि. संयोजक **श्री सन्ध्या बस्नेत अर्याल**को जीवनसाथी विश्वास अर्यालको मिति २०८० श्रावण २३ गतेका दिन भएको असामयीक निधनले हामी स्तब्ध र मर्माहत भएका छौं । दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित गहिरो समवेदना व्यक्त गर्दछौं ।

विनोद सुवेदी (प्रिन्सिपल)

दिनेश प्रसाद भण्डारी (अध्यक्ष) विधालय संचालक समिति एवम् रामकृष्ण तिमिल्सिना (अध्यक्ष) विधालय ब्यबस्थापन समिति

बालजागृति इङ्गलिस सेकेण्डरी स्कुल परिवार
बासुदेवमार्ग, हेटौंडा-२